# निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/ क्याम्पस) सम्वन्धमा बनेको आधारभूत नीति २०६३

१. **प्रस्तावना :**

नेपाली विद्यार्थीहरु निजी खर्चमा विदेशका महाविद्यालयमा अध्ययन गर्न जाने प्रवृत्तिलाई कम गर्न र देश भित्रै गुणात्मक प्राविधिक शिक्षाको विकास गर्न आवश्यक महशुस गरिएको छ । विश्व वजारवाट समेत आईरहेको रोजगारको अवसर, विज्ञान तथा प्रविधिको विकासको क्रमसँगै नेपालको प्राविधिक शिक्षाको गुणस्तरको विकास गर्न अन्तरराष्ट्रिय र दक्षिण एशियाली सहयोग संगठनका देशहरुको शैक्षिक स्तरसँग प्राबिधिक शिक्षाको स्तर कायम गर्न गराउन प्राबिधिक शिक्षाको विकास सम्बन्धमा हाम्रा प्रशस्त चुनौतिहरु छन् ।

द्रुतगतिमा भई रहेको विकासको आधुनिकीकरण, सामाजिक स्तरमा भएको वृद्धि तथा विश्वमा विकास भएका विज्ञान र प्राविधिक शिक्षा समेतको आधारमा नेपालमा निजी सहयोग वा साझेदारीवाट प्राविधिक शिक्षाको विकास गर्न गराउन नितान्त आवश्यक भएकोछ । प्राविधिक उच्च शिक्षा खर्चिलो समेत भएको परिप्रेक्षमा जनसहभागिता तथा निजी क्षेत्रको संलग्नता बढाई प्रतिस्पर्धा र विविधताको आधारमा प्राविधिक उच्च शिक्षालाई समसामयिक, गुणस्तरयुक्त एवम् सान्दर्भिक बनाउन आवश्यक भएकोले स्वदेशी तथा विदेशी लगानीमा निजी क्षेत्रमा प्राविधिक महाविद्यालय सञ्चालन गर्ने गराउने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले यो नीति लागू गरिएको छ ।

२ **उद्देश्यः**

२.१ देशमा उच्च प्राविधिक शिक्षाको विकासका लागि निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहन गर्ने

२.२ सम्बन्धित विश्वविद्यालय र प्राविधिक परिषद्हरुसंग समन्वय राखी प्राविधिक शिक्षामा गुणस्तरीयता सुनिश्चित गर्ने ।

२.३ गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई उच्च प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्ने ।

२.४ महिला, जनजाति, दलित तथा आर्थिक एवं सामाजिक दृष्टिले पिछाडिएका क्षेत्रका नेपाली युवालाई उच्च प्राविधिक शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

२.५ उच्च प्राविधिक शिक्षामा निजी तथा बैदेशिक पूजीलाई आकर्षित गर्ने ।

२.६ उच्च प्राविधिक शिक्षा हासिल गर्ने विदेशी विद्यार्थीहरुलाई आकर्षण विन्दुको रुपमा नेपाललाई विकास गर्ने ।

३ **नीतिः**

३.१ निजी क्षेत्रमा प्राविधिक महाविद्यालय संचालन गर्न प्रोत्साहन गर्ने ।

३.२ देशको प्राविधिक जनशक्ति विकास गर्ने क्रममा जनसंख्या र भौगोलिक आधारमा प्राविधिक महाविद्यालय स्थापना गर्न अनुमति प्रदान गर्ने ।

३.३ देशमा निजी लगानीको माध्यमबाट प्राविधिक शिक्षाको विकासका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरुको विकासका लागि मापदण्ड निर्धारण गर्ने ।

३.४ उच्च प्राविधिक शिक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास गर्न देशभित्र रहेका प्राविधिक विषयमा गठित पेशागत परिषद् समेतको सहयोगमा पूर्वाधार निर्माण गर्न आवश्यक प्राविधिक ज्ञान प्रदान गर्ने ।

३.५ निजी क्षेत्रमा संचालित प्राविधिक महाविद्यालय मार्फत गरिव तथा जेहन्दार महिला, जनजाति, दलित तथा पिछडिएका क्षेत्रका विद्यार्थीको प्राविधिक शिक्षामा पहुँच पुऱ्याउन निश्चित प्रतिशतमा छात्रवृत्तिको व्यवस्था गर्ने ।

३.६ दुर्गम तथा पहाडी क्षेत्रमा निजी लगानीबाट स्थापना हुने प्राविधिक महाविद्यालयहरुलाई नेपाल सरकारले प्रचलित कानूनको अधिनमा रही भन्सार, मूल्य अभिवृद्धि कर र दरखास्त दस्तुर निश्चित अवधिका लागि छुट दिन सक्ने छ ।

४. उच्च प्राविधिक शिक्षा अन्तर्गत स्नातक, स्नातकोत्तर र पीएच्.डी. तहका निम्न विषयहरु रहनेछन्

(क) चिकित्सा विज्ञान (नर्सिङ्ग,मेडिसिन शिक्षा र औषधि विज्ञान)

(ख) इन्जिनियरिङ्ग,

(ग) कृषि तथा बन,

(घ) सूचना प्रविधि,

(ङ) लेखा तथा व्यवस्थापन

(च) शिक्षा मन्त्रालयले तोकेका अन्य विषयहरु ।

**५. उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समिति :-** (१) उच्च प्राविधिक शिक्षाको क्षेत्रमा जनसहभागित बृद्धि गरी स्वदेशी एवं विदेशी लगानीकर्ताहरुलाई राष्ट्रिय हित र आकांक्षाको मूल प्रवाहमा प्रवाहित गर्दै समन्वयात्मक ढंगले निजी क्षेत्रमा उच्च प्राविधिक शिक्षाको प्रवर्द्धन गर्न र मन्त्रालयलाई सो विषयमा राय सुझाव दिन देहाय बमोजिमको उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समिति (यस पछि “समिति” भनिएको) गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | शिक्षा मन्त्री | अध्यक्ष |
| (ख) | सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| (ग) | डीन, चिकित्साशास्त्र अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| (घ) | डीन, स्कूल अफ् मेडिसिन, काठमाडौं विश्वविद्यालय | सदस्य |
| (ङ) | प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| (च) | सह सचिव, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| (छ) | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | सदस्य |
| (ज) | अध्यक्ष नेपाल इन्जिनियरिङ्ग काउन्सिल | सदस्य |
| (झ) | प्राविधिक शिक्षाको क्षेत्रमा कम्तिमा १५ वर्ष को अनुभव प्राप्त गरेका व्यक्तिहरु (सम्वन्धित विषयगत विशेषज्ञहरु) मध्येबाट मन्त्रालयबाट मनोनित ३ जना | सदस्य |

(ञ) निजी क्षेत्रमा सञ्चालित मेडिकल तथा डेन्टल कलेजहरुका प्रिन्सिपलहरु मध्येबाट मन्त्रालयवाट मनोनीत १ जना — सदस्य

(ट) सहसचिव, उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा मन्त्रालय — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बद्ध क्षेत्रका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। त्यस्ता सदस्यलाई बैठकमा मताधिकार गर्न पाउने अधिकार हुनेछैन।

(३) समितिमा मनोनीत भएका सदस्यहरुको पदावधि २ वर्षको हुनेछ।

(४) समितिका अध्यक्ष, सदस्यहरु र आमन्त्रित सदस्यहरुको बैठक भत्ता र दैनिक भ्रमण भत्ता मन्त्रालयले तोके बमोजिम हुनेछ।

(५) समितिको सचिवालयको काम मन्त्रालयको उच्च तथा प्राविधिक शिक्षा शाखाले गर्नेछ

**(६) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :- ।**

(क) निजी क्षेत्रमा सञ्चालन हुने वा संञ्चालित शिक्षण संस्थाको सम्वन्धमा राय, सुझाव र सिफारिश सहितको प्रतिवेदन समय समयमा मन्त्रालयमा पेश गर्ने।

(ख) यस नीति अन्तर्गत प्रदान गर्ने मनसाय पत्र सोको लागि आवश्यक पर्ने दरखास्त लगायतका अन्य विषयहरुमा लाग्ने दस्तुर निर्धारण गर्ने।

(ग) प्राविधिक महाविद्यालय संचालन गर्ने सम्वन्धमा मन्त्रालय समक्ष सिफारिस गर्ने।

(घ) प्राविधिक महाविद्यालयको सुपरीवेक्षण, मूल्याङ्कन र अनुगमन गर्ने गराउने।

(ङ) प्राविधिक महाविद्यालय संचालन, गुणस्तर तथा नियन्त्रण गर्ने सम्वन्धी कार्यविधि तयार गरी लागू गर्ने।

(च) समितिले गर्नुपर्ने कामको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्ने।

६ मन्त्रालयले समितिको कामको लागि आवश्यक पर्ने रकमको लागि छुट्टै वजेटको व्यवस्था गर्नेछ।

(क) वार्षिक बजेट : समितिले आफ्नो कार्यका लागि वार्षिक बजेट बनाउनेछ।

(ख) कोष : समितिको नाममा अलग्गै कोष स्थापना गरिनेछ। सो कोषमा निजी स्तरमा महाविद्यालय सञ्चालन गर्न चाहने संस्थाले समितिले तोके बमोजिमको नियमित रुपमा बुझाउनु पर्ने रकममध्ये ५० प्रतिशत नेपाल सरकारको राजश्व खातामा दाखिला गरी बांकी ५० प्रतिशत रकम समितिको कोषमा जम्मा हुनेछ।

(ग) कोषको खाता सञ्चालन : कोषको खाता सञ्चालन समितिका सदस्य सचिव र समितिले तोकेको मन्त्रालयको आर्थिक प्रशासन शाखाका एक जना कर्मचारीबाट हुनेछ। समितिको कोषको जिम्मा समितिका सदस्य सचिवको हुनेछ।

(घ) लेखा परीक्षण : कोषको वार्षिक लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

७ प्राविधिक महाविद्यालय सञ्चालन गर्न पूरा गर्नुपर्ने मापदण्ड, प्रकृया आधार र शर्तहरु अनुसूचीमा उल्लेख गरिए बमोजिम हुनेछ।

**८ देहायको अवस्थामा मनसायपत्र रद्द हुनेछ :-**

(क) निवेदक संस्थाले मनसाय पत्र रद्द गरिदिन सम्पूर्ण संचालकहरुको निर्णय गराई निर्णय सहित मन्त्रालयमा निवेदन दिएमा ,

(ख) विश्वविद्यालयबाट सम्वन्धन र कक्षा संचालनको स्वीकृति प्राप्त नभएसम्म वा सम्बन्धित काउन्सिलबाट परीक्षण मान्यता नलिई विद्यार्थी भर्नाका लागि विज्ञापन गरेमा वा विद्यार्थी भर्ना गरेमा  वा मन्त्रालयसंग सम्झौता नगरी कक्षा संचालन गरेमा ।

(ग) मनसायपत्रको अवधि भित्र पुनः अवधि थप गर्नको लागि निवेदन नदिएमा ।

९ मनसाय पत्र नदिइनेः यो आधारभूत नीति लागु भएपछि मनसाय पत्र रद्द भएको संस्थालाई सोही नामबाट पुनः मनसाय पत्र दिइने छैन ।

१०. अनुसूचीमा हेरफेर तथा थपघट :- शिक्षा तथा खेलकूद मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने छ ।

**११. खारेजी र वचाउ** : (१) स्वदेशी र विदेशी लगानीमा निजी क्षेत्रमा सञ्चालन हुने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा आधारभूत नीति २०५२ खारेज गरिएकोछ ।

(२) उपदफा १ बमोजिमको नीति बमोजिम भए गरेका काम कारवाही यसै नीति बमोजिम भए गरेको मानिने छ ।

(३) उपदफा १ बमोजिमको नीति अन्तर्गत स्थापना भएका प्राविधिक महाविद्यालयले यो नीति प्रारम्भ भएको ३ वर्ष भित्र यस नीति अन्तर्गतका मापदण्ड, प्रक्रिया, आधार र सर्तहरु पूरा गर्नु पर्नेछ ।

## अनुसूची-१

## निजी लगानीमा सञ्चालन हुने प्राविधिक महाविद्यालयहरु

**(मापदण्ड, प्रकृया, आधार र शर्तहरु)**

१. प्राविधिक महाविद्यालय खोल्न चाहने कुनैपनि संस्थाले देहायको आधारभूत मापदण्ड, प्रकृया, आधार र शर्तहरु पूरा गर्नुपर्नेछ तथा विषयगत (एम.वी.वी.एस र वी.डी.स, इन्जिनियरिङ्ग, नेपाल स्वास्थ्य व्यावसायी परिषदसंग सम्वन्धित, कृषि तथा पशु विज्ञान, नर्सिङ्ग, आयुर्वेद र फार्मेसी) दफामा भएका विशेष मापदण्ड, पकृया, आधार र शर्तहरु समेत पुरा गर्नुपर्नेछ ।

१.१ महाविद्यालय सञ्चालन गर्न चाहने संस्थाले संभाव्यता अध्ययन सहितको प्रारम्भिक प्रस्ताव ( आर्थिक र प्राविधिक) र मन्त्रालयले तोकेको एम.वी.वी.एस. का लागि स्वदेशी लगानीकर्ता भए रु १०,००,०००।, सार्क मुलुकको लगानीकर्ता भए रु २०,००,०००। र तेस्रो मुलुकको लगानीकर्ता भए रु ३०,००,०००।, वी.डी.एस. का लागि स्वदेशी लगानीकर्ता भए रु ५,००,०००।, सार्क मुलुकको लगानीकर्ता भए रु १०,००,०००। र तेस्रो मुलुकको लगानीकर्ता भए रु १५,००,०००। र अन्य प्राविधिक प्रत्येक विषयका लागि स्वदेशी, सार्क मुलुक तथा तेस्रो मुलुकको लगानीकर्ताका लागि क्रमशः रु २,००,०००।, ४,००,०००। र रु ६,००,०००। दस्तुर सहित तोकिएको अनुसूची (५) बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्ने छ । नेपाल सरकारले तोकेको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने संस्थालाई उपरोक्त बमोजिमको शुल्कमा पचास प्रतिशत कम शुल्क मात्र लाग्ने छ ।

१.२ महाविद्यालय सञ्चालन गर्न चाहने संस्था प्रचलित कानून वमोजिम नेपाल भित्र दर्ता भएको हुनु पर्ने छ ।

१.३ निवेदनसाथ प्राप्त प्रारम्भिक प्रस्तावको अध्ययन गरी प्रतिवेदन पेश गर्न समितिले समितिका सदस्यहरु रहेको एक प्रस्ताव अध्ययन टोली गठन गर्नेछ अध्ययन टोलीबाट प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले समितिमा पठाउनेछ ।

१.४ स्थलगत निरीक्षण प्रतिवेदनसमेतको आधारमा महाविद्यालय सञ्चालन गर्न उपयुक्त देखिएमा समितिले निवेदक संस्थालाई मनसाय पत्र दिन मन्त्रालयमा सिफारिस गर्नेछ । स्थलगत निरीक्षण गर्दा सामाजिक प्रतिष्ठा, संस्थाको दीगो योजना, जग्गा, आर्थिक तथा प्राविधिक पक्ष र अस्पताल समेतका बुँदाहरुमा ध्यान दिनु पर्नेछ ।

१.५ समितिले महाविद्यालय सचालन गर्न सिफारिस गरेमा मन्त्रालयले एकवर्ष अवधिका लागि शर्त समेत तोकी निवेदकलाई मनसाय पत्र प्रदान गर्नेछ । सो अवधि भित्र कार्यक्रम सञ्चालन गर्न नसकेको अवस्थामा मनासिव कारण सहित निवेदकले दफा १.१ बमोजिमको नविकरण दस्तुर सहित आवेदन गरेमा स्थलगत निरीक्षण गराई उपयुक्त देखिएको सिफारिस प्राप्त भएमामात्र समितिले थप एकवर्ष मनसायपत्रको म्याद थप गर्न सक्नेछ । तर नेपाल मेडिकल काउन्सिल सम्वद्ध कार्यक्रम सञ्चालनको पूर्वाधार तयार गर्न प्रदान गरिएको मनसाय पत्रको म्याद थपसम्वन्धी व्यवस्था अनुसूची १ को दफा २.१ मा व्यवस्था भएबमोजिम हुनेछ ।

१.६ यस आधारभूत नीति तथा मनसाय पत्रमा उल्लेखित शर्तहरु तोकिएको समय भित्र कावु वाहिरको परिस्थिति परी पूरा गर्न नसकिएकोले अवधि थप गरी पाउँ भनी सम्वन्धित संस्थाले दफा १.१ बमोजिमको दस्तुर सहित निवेदन दिएमा समितिले निजबाट पूरा गरिएका शर्तहरुको वास्तविकता वारे स्थलगत निरीक्षण गरी मनसाय पत्रको अवधि थप गर्न पर्याप्त कारण देखेमा मन्त्रालयमा सिफारिस गर्ने छ । यसरी समितिबाट म्याद थपका लागि सिफारिस भएमा मन्त्रालयले एकपटकका

लागि वढीमा एक वर्ष अवधिको म्याद थप गर्नेछ । यसरी मनसाय पत्रको म्याद वढीमा पाँच पटकसम्म मात्र थप गर्न सकिनेछ सोअवधि भित्र कार्यक्रम सञ्चालन नगर्ने संस्थाले प्राप्त गरेको मनसाय पत्रको म्याद स्वतः समाप्त हुनेछ ।

१.७ यस आधारभूत नीति तथा मनसाय पत्रमा उल्लेखित शर्त पूरा नगरेमा समितिको सिफारिसमा मन्त्रालयले अवधि बाँकी रहदै मनसाय पत्र खारेजी गर्न सक्नेछ । त्यसरी मनासाय पत्र खारेजी गर्नुभन्दा पहिले सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मौका दिइने छ ।

१.८ विश्वविद्यालयको सम्वन्धन पत्र र सम्बन्धित काउन्सिलको अनुमति पत्र समेत समावेश गरी कक्षा स१चालनको लागि सम्वन्धित महाविद्यालयले मन्त्रालयमा निवेदन पेश गरेमा समितिको सिफारिसमा मन्त्रालयले सम्बन्धित संस्थासंग महाविद्यालय सञ्चालन गर्न संझौता गर्नेछ ।

१.९. महाविद्यालयले विश्वविद्यालयबाट सम्वन्धन र कक्षा सञ्चालनको स्वीकृति प्राप्त नभएसम्म तथा सम्बन्धित काउन्सिलबाट परीक्षण मान्यता र कक्षा सञ्चालनको अनुमति नलिएसम्म विद्यार्थी भर्नाका लागि विज्ञापन गर्न, विद्यार्थी भर्ना गर्न र मन्त्रालयसंग सम्झौता नगरी कक्षा सञ्चालन गर्न पाउने छैन ।

१.१० विश्वविद्यालयले सम्बन्धन खारेज गरेमा वा मन्त्रालयले मनसाय पत्र वा सम्झौता रद्द गरेमा सम्वन्धन प्रदान गर्ने विश्वविद्यालय र सम्वन्धित काउन्सिलसँग परामर्श गरी सो विश्वविद्यालय तथा सम्वन्धित काउन्सिलमा राखेको धरौटीबाट महाविद्यालयले अध्ययनरत विद्यार्थीको अध्ययन पूरा गराउनु पर्नेछ । सो नगरे महाविद्यालयको नामको जेथा जमानीबाटसमेत त्यस्ता विद्यार्थीको अध्ययनको व्यवस्था मिलाइनेछ ।

१.११ उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समिति, सम्बन्धन दिने विश्वविद्यालय र सम्बन्धित काउन्सिलले निर्धारण गरेका शर्त बन्देजसमेत स्थापना हुने प्राविधिक महाविद्यालयले विद्यार्थी भर्ना अगावै पूरा गर्नुपर्नेछ ।

१.१२ कारण सहितको विशेष परिस्थितिमा वाहेक मनसाय पत्रमा उल्लेख भएनुसारको कार्य सम्पादन नगर्ने संस्था र मनसाय पत्रको म्याद समाप्त हुनुभन्दा १ (एक) महिना अगावै नियमानुसार राजश्व दाखिला गरी प्रगती विवरण सहित निवेदन नदिने संस्थाहरुको मनसाय पत्रको म्याद पुनः थप गर्न वाध्य हुनेछैन । मनसाय पत्रको म्याद समाप्त भई नविकरण नभएका संस्थाहरु पुनः सोही नामबाट मनसाय पत्र पाउन योग्य हुने छैन ।

१.१३ तोकिएको आधारमा शुल्क निर्धारण गरी महाविद्यालयहले सम्वन्धन दिने विश्वविद्यालयको स्वीकृतिका आधारमा मात्र शुल्क लिन पाउनेछ । नेपाल सरकारबाट छात्रवृतिमा पठाइएका विद्यार्थीहरुको हकमा नेपाल सरकार र संस्था वीच भएको संझौताबमोजिमको मात्र शुल्क लिन पाउनेछ ।

१.१४ प्राविधिक महाविद्यालय सञ्चालन गर्ने संस्थाले स्वदेशी लगानीकर्ता भए १० प्रतिशत र विदेशी लगानीकर्ता भए २० प्रतिशत निःशुल्क छात्रवृति कोटा नेपाल सरकारलाई उपलव्ध गराउन पर्नेछ ।

१.१५ प्राविधिक महाविद्यालय सञ्चालन गर्ने नीजि शैक्षिक संस्थाहरुले शिक्षण संस्था सञ्चालनको लागि व्यवस्थापन समिति गठन गर्नुपर्नेछ । त्यस्तो व्यवस्थापन समितिमा नेपाल सरकारको तर्फबाट शिक्षा मन्त्रालयको प्रतिनिधि एकजना, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रतिनिधि एकजना र सम्वन्धन दिने विश्वविद्यालयको प्रतिनिधि एकजना अनिवार्य राख्ने व्यवस्था गर्नु पर्नेछ ।

१.१६ महाविद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार सम्वन्धित काउन्सिल र विश्वविद्यालयले तोके वमोजिम हुनेछ ।

१.१७ मनसाय पत्र प्राप्त गरेको संस्थाले मनसाय पत्रमा उल्लेख भएका सम्पूर्ण स्रोतसाधनको व्यवस्था गरेको व्यहोरा सहितको स्वयम् मुल्यांकन गरेको प्रतिवेदन (Self Appraisal Report) सहित मन्त्रालयमा निवेदन पेश हुन आएमा मन्त्रालयले परामर्शका लागि सम्वन्धित काउन्सिल र सम्वन्धनका लागि माग गरेको विश्वविद्यालयमा लेखी पठाउने छ ।

१.१८ परामर्श तथा सम्वन्धनका लागि मन्त्रालयबाट लेखी आएमा सम्वन्धित काउन्सिल तथा विश्वविद्यालयले समयमै यस सम्वन्धी कारवाही सम्पन्न गरी सोको जानकारी मन्त्रालय र सम्वन्धित संस्थालाई समेत दिनु पर्नेछ । सम्वन्धन प्रदान गर्ने सम्वन्धमा सम्वन्धित विश्वविद्यालयले तोकेको पूर्वाधार तयारी गरिसकेको अवस्थामासमेत सम्वन्धन नदिएमा शिघ्र कारवाहीका निमित्त सहकुलपति मार्फत कुलपति समक्ष पठाइनेछ ।

१.१९ यसमा लेखिएदेखि बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

## २. नेपाल मेडिकल काउन्सिल सम्वद्ध विषयसँग सम्वन्धी विशेष शर्तहरुः

२.१ मनसाय पत्रको लागि आवेदन गर्न अगावै एम.वी.वी.एस सम्बन्धी महाविद्यालयको लागि काठमाडौं **उपत्यका, पहाड र तराईमा कम्तिमा क्रमशः १०० रोपनी, २०० रोपनी र १६ विगाहा जग्गा र उपत्यका, पहाड र तराईमा डेन्टल महाविद्यालयको लागि क्रमसः ५० रोपनी, १०० रोपनी र ८ विगाहा** जग्गा संस्थाको नाममा दर्ता गरेको हुनुपर्ने छ । त्यस्तो जग्गा यातायात सुविधा भएको १० किलोमिटरको दूरी भित्र वढीमा तीन ठाउँसम्ममा व्यवस्था गर्न सकिनेछ । तर एउटै संस्थाले दुवै कार्यक्रम सञ्चालन गर्ने भए एम.वी.वी.एस कालागि तोकिएको जग्गालाई नै आधार मानिनेछ ।

२.२ हालसम्म एम.वी.वी.एस तथा वी.डी.एस. कार्यक्रम सञ्चालन भएको जिल्लामा मनसाय पत्र पाउनका लागि आवेदन गर्ने संस्थाले मनसाय पत्रको आवेदन दिन अगावै सम्पूर्ण पूर्वाधार सहितको कम्तिमा **२०० वेड र वी.डी.एस. का लागि १५ डेण्टल चेयर** र **५० वेड**को आफ्नै साधारण अस्पताल पूर्णरुपमा सञ्चालन गरेको हुनुपर्ने छ ।

२.३ एम.वी.वी.एस तथा वी.डी.एस. कार्यक्रम सञ्चालन गर्न आवेदन दिने संस्थालाई स्थलगत निरीक्षण टोलीले दिएको प्रतिवेदनको आधारमा उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समितिको सिफारिसमा मन्त्रालयले एकवर्ष अवधिका लागि मनसाय पत्र प्रदान गर्नेछ । सोअवधि भित्र कार्य सम्पन्न नभएमा अनुसूची १ को दफा १.१ अनुसारको राजश्व दाखिला गर्न लगाई संस्थाले गरेको प्रगति प्रतिवेदनको आधारमा तपसिल २.५ को (क), (ख), (ग) र (घ) बमोजिम मनसाय पत्रको म्याद थप गर्न उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समितिले मन्त्रालयलाई सिफारिस गर्ने छ ।

२.४ मेडिकल कलेजहरुले अस्पतालको कुल वेड संख्याको ३० प्रतिशत शैया निःशुल्क उपलव्ध छ गराउन पर्ने छ र सोमध्ये सो २० प्रतिशत शैया निःशुल्क र १० प्रतिशत शैया गरीव, पिछडीएका वर्ग, जनजाती, महिला, अशक्त अपाङ्ग, मधेशी, जनजाती, आदिवासी, दलितलगायत नेपाल सरकारवाट संरक्षित गरिएका वर्गका विरामीको लागि उपचार गर्न लाग्ने खर्चसमेत अस्पतालले नै व्यहोर्ने गरी उपचार गर्नु पर्नेछ । यस्तो सेवा ग्राहीको पहिचान प्रत्येक मेडिकल कलेजमा स्थापना भएको सामाजिक कल्याण समितिले गर्ने छ । सामाजिक कल्याण समितिको मापदण्ड स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके वमोजिम हुनेछ ।

**२.५ मनसाय पत्र प्राप्त गरेको संस्थाले पहिलो वर्षमा निम्न कार्यहरु सम्पन्न गर्नुपर्ने छ ।**

(क) प्रस्तावित महाविद्यालयले १० वर्षे गुरु योजना तयार गरी मनसाय पत्र प्राप्त गरेको वढीमा १ (एक) वर्ष भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ र सोही गुरु योजना अनुसार कार्य गर्नुपर्नेछ ।

(ख) नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय भवन संहिता अनुसार महाविद्यालयले भवनहरुको नक्सा डिजाइन तयार गरी मनसाय पत्र प्राप्त गरेको वढीमा १ (एक) वर्ष भित्र मन्त्रालयमा पेश गरी सोही बमोजिम भवन निर्माण गर्नुपर्नेछ । भवन निर्माण गर्दा प्रचलित कानून बमोजिम कुनै निकायबाट स्वीकृत गराउनु पर्ने भए सो समेत गराउनु पर्नेछ ।

(ग) महाविद्यालयको सञ्चालनसम्बन्धमा वातावरणीय प्रभावसम्वन्धी मूल्यांकन ( Environment Impact Assessment (EIA)) गराई मन्त्रालयमा अनिवार्य पेश गर्नु पर्नेछ । वातावरणीय प्रभावसम्वन्धी मूल्यांकन नभई कार्यक्रम सञ्चालनको लागि नेपाल सरकारसँग संझौता हुने छैन ।

(घ) मनसाय पत्र प्राप्त गरेको पहिलो वर्षमा एम.वी.वी.एस कार्यक्रम सञ्चालन गर्न ३०० वेडको र वी.डी.एस कार्यक्रम सञ्चालन गर्न २५ डेण्टल चेयर र साधारण १०० वेडको वा सम्वन्धित काउन्सिलले तोके अनुसारको वेड संख्याको आधारमा संस्थाकै जग्गामा अस्पताल भवनको निर्माण कम्तिमा प्लीन्थ लेभल (Plinth Level) सम्म तयार गर्नु पर्नेछ । तर माथि दफा २.२ बमोजिम अस्पताल निर्माण गरी सकेका संस्थाले यस अवधिमा ३०० वेड तथा २५ डेण्टल चेयर र साधारण अस्पताल १०० वेड निमार्ण कार्य सम्पन्न गनुपर्नेछ । तर दुर्गम तथा पिछडीएको क्षेत्रमा महाविद्यालय सञ्चालन गर्दा सम्वन्धित अस्पताल विकास समितिको निर्णय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहमतिमा सरकारी अस्पताललाई समेत प्रयोग गर्न सक्नेछ

**२.६ मनासय पत्र पाएको दोस्रो वर्षमा मनसाय पत्र प्राप्त संस्थाले निम्न कार्यहरु सम्पादन गर्नुपर्नेछ :-**

(क) माथि २.५ (घ) वमोजिम प्लीन्थ लेभलसम्म अस्पताल निर्माण गर्ने संस्थाहरुले मनसाय पत्रको म्याद दोस्रो पटक थप भएको अवधिमा उल्लेखित वेड संख्याको अस्पताल निर्माण गरी सक्नु पर्ने छ । साथै साविकमा नै एम.वी.वी.एस कालागि २०० वेड र वी.डी.एस.का लागि १५ डेण्टल चेयर तथा जनरल अस्पताल १०० वेडको सञ्चालन गर्ने संस्थाहरुले कम्तिमा ३०० वेड तथा २५ डेण्टल चेयर र १०० वेडको साधारण अस्पतालमा आवश्यक मेशिनरी औजार उपकरण सहित पूर्णरुपमा सञ्चालनमा ल्याउनु पर्नेछ ।

(ख) माथि (क) मा उल्लिखित वेड संख्याको अस्पतालकालागि आवश्यक सामग्री जुटाउन शुरु गर्नु पर्नेछ ।

(ग) समितिले अन्य शर्त थप गरेमा ती शर्त समेत पूरा गर्नु पर्नेछ

**२.७ मनसाय पत्र पाएको तेस्रो वर्षमा मनासय पत्र प्राप्त संस्थाले निम्न कार्य पूरा गर्नुपर्नेछ :-**

(क) एम.वी.वी.एस का लागि ३०० वेडको अस्पताल र वी.डी.एस. का लागि २५ डेण्टल चेयर तथा काउन्सिलले तोके बमोजिमको साधारण १०० वेडको अस्पतालसमेत आवश्यक उपकरण सहित पूर्णरुपमा सञ्चालनमा ल्याएको हुनुपर्नेछ ।

(ख) विश्वविद्यालयबाट महाविद्यालय सञ्चालन गर्न सम्बन्धन लिई सक्नु पर्नेछ ।

(ग) सम्बन्धित काउन्सिलबाट प्रारम्भीक मान्यता लिइसक्नु पर्नेछ ।

(घ) विश्वविद्यालयको सम्बन्धन पत्र र सम्बन्धित काउन्सिलको परीक्षण मान्यता पत्र सहित महाविद्यालय सञ्चालन गर्न मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

तर माथि उल्लेखित कार्यहरु निवेदक संस्थाले अघिल्लो वर्षमा गर्न चाहेमा तोकेको अवधि भन्दा अगाडि पनि गर्न सक्ने छन् ।

**३. नेपाल इन्जिनियरिङ्ग काउन्सिल सम्वद्ध विषय सम्वन्धी विशेष शर्तहरुः**

**३.१ मनसाय पत्र प्राप्त गर्न आवेदन दिने सस्थाले प्रस्ताव सहित खुलाउन पर्ने न्यूनतम मापदण्डहरु**

(क) स्नातक तह वा सोभन्दा माथिको इन्जिनियरिङ कार्यक्रम सञ्चालन गर्ने संस्थाले कम्तिमा कुल १५ रोपनी जग्गा संस्थाकै नाममा हुनुपर्ने । संस्थाको नाममा जग्गा उपलव्ध हुन नसकेको अवस्थामा कम्तिमा ५ रोपनी जग्गा संस्थाकै नाममा र बाँकी जग्गा १५ वर्षको लागि लिजमा लिएको करारनामा तथा सो जग्गाको जग्गाधनी प्रमाण पूर्जा पेश गर्नुपर्नेछ । यस्तो जग्गा वढीमा दुई स्थानसम्म वढीमा १० कि.मि.को परिधि भित्र व्यवस्थापन गर्नुपर्नेछ । जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गरेको संस्थाले १० वर्ष भित्र उपरोक्त बमोमिको जग्गा खरिद गरी सक्नु पर्ने र १५ वर्ष भित्र संस्थाकै जग्गामा तोकिए बमोजिमको मापदण्डको भवन निर्माण गरी कार्यक्रम सञ्चालन गरी सक्नु पर्ने छ ।

(ख) फ्याकल्टीको सम्वन्धमा प्रति विषय वढीमा ६० विद्यार्थीका लागि कम्तिमा एकजना पूर्णकालिन शिक्षकको व्यवस्था सहितको सहमति पत्र, वायोडाटा, निजले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी र नेपाल इन्जिनियरिङ काउन्सिलले प्रदान गरेको काउन्सिल दर्ता प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

(ग) आर्थिक लगानीको शुनिश्चितता, भौतिक विकास र मानवस्रोत विकासको दिगो कार्य योजना पेश गर्नुपर्नेछ ।

(घ) उल्लेखित विवरण वाहेक ल्याव, इन्टरनेट सुविधा सहितको कम्प्युटर ल्याव, पुस्तकालय, कक्षाकोठा लगायत आवश्यक कोठाहरुको उपलव्धता, छात्रावास र वर्कसपसमेतको व्यवस्थाका सम्वन्धमा काउन्सिल र विश्वविद्यालयले तोके वमोजिम स्पष्ट विवरणहरु समावेश भएको हुनुपर्नेछ ।

(ङ) निवेदन दिने, मनसाय पत्रको म्याद थप गर्ने तथा सञ्चालनको अनुमति प्रदान गर्ने सम्वन्धी व्यवस्था, प्रकृया र आधारहरु आधारभूत मापदण्ड अनुसार नै हुने छ ।

**३.२ मनसाय पत्र प्रदान गर्दा थप गर्नुपर्ने मापदण्डहरुः**

(क) जग्गा र फ्याकल्टीका सम्वन्धमा माथि उल्लेख भए बमोजिमको विवरण समावेश गर्ने तर प्रयोगशालामा वढीमा १५ जना विद्यार्थीका लागि कम्तिमा एकजना फ्याकल्टीको व्यवस्था गर्नुपर्ने,

(ख) कम्प्युटर ल्यावको सम्वन्धमा इन्टरनेट सुविधा सहितको कम्तिमा ३० वटा कम्प्युटर र थप एकवटा शिक्षकको लागि कम्प्युटरको व्यवस्था गर्नुपर्ने,

(ग) कक्षाकोठाको सम्वन्धमा एकजना विद्यार्थीका लागि कम्तिमा १.५ वर्ग मिटर क्षेत्रफल वरावरको कक्षाकोठाको व्यवस्था गर्नुपर्ने,

(घ) ल्याव र वर्कसपको सम्वन्धमा नेपाल इन्जिनियरिङ काउन्सिलले तोके वमोजिमको व्यवस्था गर्नुपर्ने,

(ङ) पुस्तकालयको सम्वन्धमा प्रतिविद्यार्थी कम्तिमा प्रति विषय ३ वटा पुस्तकका दरले साठीजना विद्यार्थीका लागि सोही अनुपातमा पुस्तकको व्यवस्था गर्नुपर्ने,

(च) प्रारम्भीक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन अनिवार्यरुपमा पेश गर्नुपर्ने,

(छ) भौतिक संरचनाको निर्माण गर्दा नेपाल सरकारले तोके बमोजिमको राष्ट्रिय भवन संहिता अनुरुप निर्माण कार्य गर्नुपर्ने,

(च) कक्षाकोठामा स्क्रीनसहितको मल्टिमिडिया प्रोजेक्टर, White Board र कम्प्युटरको व्यवस्था हुनुपर्नेछ ।

(छ) कम्तिमा २ वटा वाह्य खेल खेल्न सक्ने खेल मैदानको उपलव्धता हुनुपर्ने छ ।

**४. नेपाल स्वास्थ्य व्यावसायी परिषद् सम्वद्ध विषयसँग सम्वन्धी विशेष शर्तहरुः**

१. मनसाय पत्रको नँया निवेदन दिने, मनसाय पत्रको म्याद थप गर्ने तथा सञ्चालनको अनुमति प्रदान गर्ने सम्वन्धी व्यवस्था, प्रकृया र आधारहरु आधारभूत मापदण्ड अनुसार नै हुने छ ।

२. स्नातक तह वा सोभन्दा माथिको ल्यावरोटरीमा आधारित कार्यक्रम सञ्चालन गर्न काठमाडौं उपत्यका, पहाड तथा तराईमा क्रमशः तीन रोपनी, सात रोपनी र दश कठ्ठा तथा ननल्यावोरटरीमा आधारित कार्यक्रम सञ्चालन गर्न क्रमशः पाँच रोपनी, पन्द्र रोपनी र एक विघा जग्गा संस्थाकै नाममा हुनुपर्ने । संस्थाको नाममा जग्गा उपलव्ध हुन नसकेको अवस्थामा ल्यावरोटरीमा आधारित कार्यक्रम सञ्चालन गर्न क्रमशः एकरोपनी, तीनरोपनी र चारकट्ठा ननल्यावोरटरीमा आधारित कार्यक्रम सञ्चालन गर्न क्रमशः दुईरोपनी, पाँचरोपनी र आठकट्ठा जग्गासंस्थाकै नाममा र वाँकी जग्गा कम्तिमा १५ वर्षको लागि लिजमा लिएको करारनामा तथा सो जग्गाको जग्गाधनी प्रमाण पूर्जा पेश गर्नुपर्नेछ । यस्तो जग्गा वढीमा दुई स्थानसम्म वढीमा १० कि.मि.को परिधि भित्र व्यवस्थापन गर्नुपर्नेछ । जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गरेको संस्थाले १० वर्ष भित्र उपरोक्त बमोजिमको जग्गा खरिद गरी सक्नु पर्ने र १५ वर्ष भित्र संस्थाकै जग्गामा तोकिए बमोजिमको मापदण्डको भवन निर्माण गरी कार्यक्रम सञ्चालन गरी सक्नुपर्ने छ ।

३. महाविद्यालयले सम्न्धन दिने विश्वविद्यालय र सम्वन्धित काउन्सिलका शर्त वन्देज पालना गर्नु पर्नेछ ।

४. ल्कीनिकलतर्फको व्यवस्थापन गर्न मेडिकल कलेज तथा शिक्षण अस्पतालसँग आवद्ध भई कार्यक्रम सञ्चालन गर्ने संझौता पेश गर्नुपर्नेछ ।

**५.** महाविद्यालय सञ्चालनका लागि प्रारम्भीक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**५. कृषि, बन तथा पशु विज्ञान विषयसँग सम्वन्धी विशेष शर्तहरुः**

१. निवेदन दिने, मनसाय पत्रको म्याद थप गर्ने तथा सञ्चालनको अनुमति प्रदान गर्ने सम्वन्धी व्यवस्था, प्रकृया र आधारहरु आधारभूत मापदण्ड अनुसार नै हुने छ ।

२. स्नातक तह वा सोभन्दा माथिको कृषि तथा पशुसम्वन्धी महाविद्यालय सञ्चालन गर्न काठमाडौं उपत्यका, पहाड तथा तराईमा क्रमशः वीस रोपनी, पचास रोपनी र दुई विगाहा जग्गा संस्थाको नाममा हुनुपर्ने । संस्थाको नाममा जग्गा उपलव्ध हुन नसकेको अवस्थामा कम्तिमा सातरोपनी, पन्द्ररोपनी र १५ कट्ठा जग्गा संस्थाकै नाममा र वाँकी जग्गा १५ वर्षको लागि लिजमा लिएको करारनामा तथा सो जग्गाको जग्गाधनी प्रमाण पूर्जा पेश

गर्नुपर्नेछ । यस्तो जग्गा वढीमा दुई स्थानसम्म वढीमा १० कि.मि.को परिधि भित्र व्यवस्थापन गर्नुपर्नेछ । जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गरेको संस्थाले १० वर्ष भित्र उपरोक्त बमोमिको जग्गा खरिद गरी सक्नु पर्ने र १५ वर्ष भित्र संस्थाकै जग्गामा तोकिए बमोजिमको मापदण्डको भवन निर्माण गरी कार्यक्रम सञ्चालन गरी सक्नु पर्ने छ ।

३. महाविद्यालयले सम्बन्धन दिने विश्वविद्यालय र सम्बन्धित काउन्सिलका शर्त वन्देज पालना गर्नुपर्नेछ ।

४. महाविद्यालय सञ्चालनका लागि प्रारम्भीक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**६. नेपाल नर्सिङ काउन्सिल सम्वद्ध विषयसँग सम्वन्धी विशेष शर्तहरुः**

१. निवेदन दिने, मनसाय पत्रको म्याद थप गर्ने तथा सञ्चालनको अनुमति प्रदान गर्ने सम्वन्धी व्यवस्था, प्रकृया र आधारहरु आधारभूत मापदण्ड अनुसार नै हुने छ ।

२. स्नातक तह वा सोभन्दा माथिको नर्सिङ कार्यक्रम सञ्चालन गर्ने संस्थाले कम्तिमा कुल १५ रोपनी जग्गा संस्थाकै नाममा हुनुपर्ने । संस्थाको नाममा जग्गा उपलब्ध हुन नसकेको अवस्थामा कम्तिमा ५ रोपनी जग्गा संस्थाकै नाममा र वाँकी जग्गा १५ वर्षको लागि लिजमा लिएको करारनामा तथा सो जग्गाको जग्गाधनी प्रमाण पूर्जा पेश गर्नुपर्नेछ । यस्तो जग्गा वढीमा दुई स्थानसम्म वढीमा १० कि.मि.को परिधि भित्र व्यवस्थापन गर्नुपर्नेछ । जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गरेको संस्थाले १० वर्ष भित्र उपरोक्त बमोमिको जग्गा खरिद गरी सक्नु पर्ने र १५ वर्ष भित्र संस्थाकै जग्गामा तोकिए बमोजिमको मापदण्डको भवन निर्माण गरी कार्यक्रम सञ्चालन गरी सक्नु पर्ने छ ।

३. महाविद्यालयले सम्वन्धन दिने विश्वविद्यालय र सम्वन्धित काउन्सिलका शर्त वन्देज पालना गर्नुपर्नेछ ।

४. ल्कीनिकलतर्फको व्यवस्थापन गर्न १०० वेडको साधारण अस्पताल (मानसिक, प्रसुति र वालवालिका सम्वन्धी सेवा समेत भएको) संस्थाकै नाममा हुनुपर्नेछ वा नेपाल नर्सिङ काउन्सिलले तोकेको नर्म्स अनुसारको अस्पतालको व्यवस्था हुनु पर्नेछ वा उपत्यका वाहिरको हकमा अस्पताल विकास समितिको निर्णय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहमति सहित सरकारी अस्पतालसँग कम्तिमा १० वर्षको संम्फौता पेश गरी सञ्चालन गर्न सक्नेछ ।

५. महाविद्यालय सञ्चालनका लागि प्रारम्भीक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**७. नेपाल आयुर्वेद काउन्सिल सम्वद्ध विषयसंग सम्वन्धी विशेष शर्तहरुः**

१. निवेदन दिने, मनसाय पत्रको म्याद थप गर्ने तथा सञ्चालनको अनुमति प्रदान गर्ने सम्वन्धी व्यवस्था, प्रकृया र आधारहरु आधारभूत मापदण्ड अनुसार नै हुने छ ।

२. आयुर्वेद सम्वन्धी महाविद्यालय सञ्चालनका लागि काठमाडौं उपत्यका, पहाड तथा तराईमा क्रमशः पचास रोपनी, एकसय रोपनी र चार विगाहा जग्गा संस्थाको नाममा दर्ता गरी सोको प्रमाण मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

३. महाविद्यालयले सम्वन्धन दिने विश्वविद्यालय र सम्वन्धित काउन्सिलका शर्त वन्देज पालना गर्नुपर्नेछ ।

४. ल्कीनिकलतर्फको व्यवस्थापन गर्न १०० वेडको अस्पताल हुनुपर्नेछ वा नेपाल आयुर्वेद काउन्सिलले तोकेको नर्म्स अनुसारको अस्पतालको व्यवस्था हुनु पर्नेछ ।

५. महाविद्यालय सञ्चालनका लागि प्रारम्भीक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**८. नेपाल फार्मेसी काउन्सिल सम्वद्ध विषयसँग सम्वन्धी विशेष शर्तहरुः**

१. निवेदन दिने, मनसाय पत्रको म्याद थप गर्ने तथा सञ्चालनको अनुमति प्रदान गर्ने सम्वन्धी व्यवस्था, प्रकृया र आधारहरु आधारभूत मापदण्ड अनुसार नै हुने छ ।

२. स्नातक तह वा सोभन्दा माथिको फार्मेसीसम्वन्धी महाविद्यालय सञ्चालनका लागि काठमाडौं उपत्यका, पहाड तथा तराईमा क्रमशः चार रोपनी, आठ रोपनी र १५ कट्ठा जग्गा संस्थाकै नाममा हुनुपर्नेछ । संस्थाको नाममा जग्गा उपलव्ध हुन नसकेको अवस्थामा कम्तिमा क्रमशः एकरोपनी, तीनरोपनी र पाँच कट्ठा जग्गा संस्थाकै नाममा र बाँकी जग्गा १५ वर्षको लागि लिजमा लिएको करारनामा तथा सो जग्गाको जग्गाधनी प्रमाण पूर्जा पेश गर्नुपर्नेछ । यस्तो जग्गा वढीमा दुई स्थानसम्म वढीमा १० कि.मि.को परिधि भित्र व्यवस्थापन गर्नुपर्नेछ । जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गरेको संस्थाले १० वर्ष भित्र उपरोक्त बमोमिको जग्गा खरिद गरी सक्नु पर्ने र १५ वर्ष भित्र संस्थाकै जग्गामा तोकिए बमोजिमको मापदण्डको भवन निर्माण गरी कार्यक्रम सञ्चालन गरी सक्नुपर्ने छ ।

३. महाविद्यालयले सम्वन्धन दिने विश्वविद्यालय र सम्वन्धित काउन्सिलका शर्त वन्देज पालना गर्नुपर्नेछ ।

४. महाविद्यालय सञ्चालनका लागि प्रारम्भीक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**९. विविध**

(क) अन्य प्राविधिक महाविद्यालय सञ्चालनको लागि मनसाय पत्र दिन पर्ने अवस्था आएमा मनसाय पत्रमा उल्लेख गरिने शर्त समितिको सिफारिसमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) यसभन्दा पूर्व मनसाय पत्र प्रदान गरिएका संस्थाहरुको मनसाय पत्रको अवधि थप गर्नुपर्ने भएमा यस नीतिमा उल्लेखित शर्तहरु ती संस्थाहरुले पालना गर्नुपर्नेछ ।

(ग) नेपाल सरकारबाट खोलिने प्राविधिक महाविद्यालयका लागि यो आधारभूत नीति लागू हुनेछैन र विश्वविद्यालयले आफ्नै आंगिक क्याम्पसको रुपमा खोल्ने प्राविधिक महाविद्यालयका लागि समेत यो नीति लागू हुनेछैन ।

नोटः निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/ क्याम्पस) सम्वन्धमा बनेको आधारभूत नीति २०६३ को साविकमा भएको अनुसूची (१) को सट्टा उपरोक्त बमोजिमको अनुसूची राखी संशोधन गरिएको छ ।

## अनुसूची - २

### महाविद्यालय संचालन गर्न चाहने संस्थाले पेश गर्नु पर्ने कागजातहरु

(क) विदेशमा दर्ता भएको संस्था भए त्यसको प्रमाण (जुन देशमा शूरुमा संस्था रजिष्ट्रेशन भएको हो सो को प्रमाणित पत्र र नवीकरण भएको प्रमाण) ।

(ख) निवेदक संस्थाको ठेगाना, आधिकारिक व्यक्तिहरु र तिनीहरुको पद ।

(ग) संस्थाको स्वरुप, उद्देश्य लगायत संस्थाको विधान ।

(घ) संस्था प्राविधिक दृष्टिकोणले महाविद्यालय संचालन गर्न सक्षम रहेको विश्वास योग्य आधार तथा प्रमाणहरु ।

(ङ) प्रस्तावित शिक्षण संस्थाको नाम र ठेगाना ।

(च) प्रस्तावित शिक्षण संस्था सम्वन्धी  प्रस्ताव ।

(छ) आर्थिक श्रोतको प्रमाणित आधार, प्रस्तावित कार्यको लागि सम्वन्धित संस्थाले लगानी गर्ने रकम र सो को परिचालन गर्ने सम्वन्धमा सम्वन्धित संस्थाले गरेको आधिकारिक निर्णय ।

(ज) संस्थाको पछिल्लो तीन वर्षको लेखा परीक्षण प्रतिवेदन (पहिले दर्ता भएको भए)

(झ) महाविद्यालय स्थापना गरिने स्थानको पूरा ठेगाना ।

(ञ) महाविद्यालय स्थापना स्थापना गर्नको लागि प्रस्तावित जग्गाको जग्गा धनीको मञ्जुरीनामा, जग्गाधनी दर्ता, प्रमाणपुर्जा र नक्सा ।

(ट) स्वदेशी संस्थाले महाविद्यालय संचालन गर्ने भएमा प्रचलित कानून बमोजिम संस्था दर्ता, प्रमाण-पत्र, संस्थाको विधान र प्रचलित कानून बमोजिम करमा दर्ता हुनुपर्ने भए सो सम्बन्धी दर्ता भएको प्रमाण ।

## अनुसूची ३

**मनसाय पत्र (Letter of Intent) प्रदान गर्दा उल्लेख गर्नु पर्ने शर्त तथा कुराहरुः**

(क) प्रस्तावित महाविद्यालयले स्वदेशी लगानी भए १० प्रतिशत र विदेशी वा विदेशीसँग संयुक्त लगानी **(Joint Venture)** भए २० प्रतिशत विद्यार्थीहरुलाई नेपाल सरकारको सिफारिसमा निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(ख) निःशुल्क अध्ययन गर्न पठाइएका विद्यार्थीहरुसंग मन्त्रालयले तोकेको शीषर्कमा मात्र महाविद्यालयले रकम लिन पाउनेछ ।

(ग) मेडिकल/डेन्टल महाविद्यालयले शिक्षण अस्पततालको २० (वीस) प्रतिशत शैया असहाय र अशक्त विरामीको लागि छुट्याउनु पर्नेछ । त्यस मध्ये १० (दश) प्रतिशतलाई निःशुल्क उपचार गराउनु पर्ने छ भने १० (दश) प्रतिशतलाई वेडको शुल्क नलिने व्यवस्था गर्नुपर्नेछ ।

(घ) महाविद्यालयले सरकारी अस्पताल प्रयोग गरेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरे बमोजिमको धरौटी रकम सो मन्त्रालयले तोकेको बैकमा जम्मा गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको उपरोक्त अस्पतालमा डाइग्नोष्टिक (Diagnostic) कार्य गरी उठेको रकम सम्वन्धित अस्पतालको हुनेछ ।

(च) अध्ययनको लागि महाविद्यालयमा कार्यरत विदेशीहरुले व्यक्तिगत क्लिनिक खोल्न वा अरुको क्लिनिकमा कार्य गर्न पाउने छैनन् ।

(छ) मेडिकल/डेण्टल सम्वन्धी महाविद्यालयले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई नर्सिङ्ग/प्यारा मेडिकल कार्यक्रमहरु संचालन गर्न पाउने छन् ।

(ज) नेपालमा दर्ता नभएको विदेशी संस्थाले मनसाय पत्र प्राप्त गरेको ६ महिना भित्र नेपाल भित्र संस्था दर्ता गर्नु पर्नेछ ।

(झ) महाविद्यालयले सम्बन्धन दिने विश्वविद्यालय र सम्बन्धित काउन्सिलका शर्त वन्देज पालना गर्नुपर्नेछ ।

(ञ) आफ्नो महाविद्यालयबाट उत्पादित विद्यार्थीका लागि इन्टर्नसिपको व्यवस्था सोही महाविद्यालयले नै गर्नुपर्नेछ ।

(ट) विद्यार्थी भर्नाको लागि आवश्यक पर्ने न्यूनतम योग्यता सम्वन्धन प्रदान गर्ने विश्वविद्यालयले तोके बमोजिम हुनेछ ।

(ठ) प्रस्तावित महाविद्यालय सञ्चालनको लागि लागत खर्चको आधारमा महाविद्यालय सञ्चालक समितिले सम्वन्धन प्रदान गर्ने विश्वविद्यालयसंग परामर्श गरी अध्ययन शुल्क निर्धारण गर्नेछ । विद्यार्थीको भर्ना लगायत आर्थिक कारोवारका साथै अन्य विषयमा महाविद्यालयले पारदर्शिता अपनाउनु पर्नेछ ।

(ड) महाविद्यालयमा आवश्यक पर्ने जनशक्ति नेपाली नागरिक राख्नुपर्नेछ । तर, आवश्यक पदको लागि निर्धारित योग्यता पुगेका नेपाली नागरिक नपाइएमा मन्त्रालयको अनुमतिमा अवधि किटान गरी गैर नेपाली नागरिकलाई अस्थायी भर्ना गर्न सकिने छ ।

(ढ) महाविद्यालयलमा कार्य गर्ने कर्मचारी तथा शिक्षकहरुको सेवा, शर्त र सुविधा सम्वन्धन प्रदान गर्ने विश्वविद्यालयसँग मिल्दो जुल्दो हुने गरी महाविद्यालयको संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ण) महाविद्यालयको लागि आवश्यक पर्ने फ्याकल्टी (Faculty) विकासको लागि महाविद्यालय स्थापना भएको प्रथम वर्षदेखि नै कार्ययोजना वनाई लागू गर्नुपर्नेछ । सो कार्य योजना सम्बन्धन दिने विश्वविद्यालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(त) महाविद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षा आदि सम्वन्धन प्रदान गर्ने विश्वविद्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(थ) सम्वन्धन दिने विश्वविद्यालय, सम्बन्धित काउन्सिल र समितिले नियमित रुपले निरीक्षण र सुपरीवेक्षण गरी दिएको राय सुझाव सम्वन्धित महाविद्यालयले पालन गर्नु पर्नेछ ।

(द) मन्त्रालयले आवश्यक ठानेमा महाविद्यालयको निरीक्षण गर्न गराउन सक्नेछ । यसरी निरीक्षण गर्दा गराउंदा मन्त्रालयले माग गरे बमोजिमको कागजात श्रेस्ता र अन्य विवरण नियमित ढंगले अनिवार्य रुपले पेश गर्नु सम्वन्धित महाविद्यालयको कर्तव्य हुनेछ ।

(ध) समिति, सम्वन्धित विश्वविद्यालय र नेपाल मेडिकल काउन्सिलबाट भएका निरीक्षण प्रतिवेदनमा औंल्याइएका विषयवस्तु तथा कमी कमजोरीहरु समयमा नै पूरा गरी सो को जानकारी समितिमा पठाउने कर्तव्य सम्बन्धित महाविद्यालयको हुनेछ ।

(न) महाविद्यालय संचालन गर्ने सम्वन्धमा समिति, मन्त्रालय, सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय र सम्वन्धित परिषद्ले दिएका निर्देशनहरु सम्वन्धित महाविद्यालयले पालना गर्नु पर्नेछ ।

## अनुसूची ४

१. सञ्चालक समितिको गठन :- प्रत्येक महाविद्यालयले महाविद्यालयको संचालन, रेखदेख र बन्दोवस्तोको लागि प्रिन्सिपल र फ्याकल्टी प्रमुख मध्येबाट एक एक जना रहने गरी कम्तिमा ५ जनाको संचालक समिति गठन गर्नु पर्नेछ।

२. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :-

(क) महाविद्यालयलाई सम्झौता र निर्धारित मापदण्डको आधारमा सञ्चालन गर्ने।

(ख) महाविद्यालयका शिक्षक, कर्मचारीको नियुक्तिका साथै त्यस्ता शिक्षक, कर्मचारीहरुको सेवा, शर्त र सुविधाको सम्वन्धमा आवश्यक व्यवस्था गर्ने।

(ग) महाविद्यालयको चल अचल सम्पत्तिको विवरण दुरुस्त राख्नुको साथै सम्पत्तिको संरक्षण गरी दुरुपयोग हुन नदिने।

(घ) महाविद्यालयको अध्यापन, परीक्षा सञ्चालन लगायत छात्रावास, खाना, पुस्तकालय, अतिरिक्त क्रियाकलाप आदिको व्यवस्था गर्ने।

(ङ) महाविद्यालयको वार्षिक कार्यक्रम तयार गर्ने र त्यसको प्रगति विवरण समितिमा पठाउने।

(च) महाविद्यालयले विदेशी व्यक्ति, सरकार संघ वा सस्थासंग सम्झौता गर्नु पर्दा वा दानदातव्य र ऋण लिंदा मन्त्रालयको स्वीकृतिमा लिनु पर्ने।

(छ) महाविद्यालय संचालन सम्वन्धमा आवश्यक अन्य कार्य गर्ने।

३. महाविद्यालयको सम्पत्ति बेच विखन गर्दा प्रचलित कानून बमोजिम छुट भएकोमा वाहेक मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

४. महाविद्यालयको आय व्ययको लेखा नियमित गराई त्यसको विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

**निवेदनको ढांचा**

## अनुसूची ५

मिति :–

श्री शिक्षा मन्त्रालय,
उच्च तथा प्राबिधिक शिक्षा शाखा
केशरमहल ।

**विषय :– प्राविधिक महाविद्यालय स्थापना सम्बन्धमा ।**

महोदय,

.................................................जिल्लाको ...............................................मा ......................................................... विषयको महाविद्यालय स्थापनाको लागि मनसाय पत्र प्राप्त गर्न निवेदन दस्तुर वापत रु. ............................ को सक्कलै बैंक भौचर र निम्न विवरणका साथ १६ (सोह्र) थान प्रस्ताव सहित यो निवेदन पेश गरेको छु ।

**विवरण**

१. संस्थाको नाम :–
२. कम्पनिमा संस्था दर्ता मिति :–
३. संस्था दता नं. :–
४. लेखा नं. (मान्य अवधि)
५. लगानिकर्ताको नामावली

| क्र.सं. | नाम | पद | ठेगाना | Status | फोन नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

६. प्रस्तावित कलेजको नाम :–
७. प्रस्तावित कलेज स्थापना गर्ने स्थान :–
८. निवेदकको नाम :– पद :– फोन नं.:–
९. सम्पर्क व्यक्तिको नाम :– ................ पद............ फोन नं. कार्यालय ................................ निवास....................................मोवाइल .............
१०. पत्रचार गर्ने ठेगाना :–

**निवेदक**

................................
नाम :–
पद :–
मिति :–

<u>**द्रष्टब्यः**</u>

(क) नेपाल सरकारसंग संझौता भई सकेका उच्च प्राविधिक महाविद्यालयको सम्बन्धमा यस नीतिमा उल्लेख भए अनुसार पुन निवेदन दिनुपर्ने वाध्यता रहने छैन । तर यस नीतिमा उल्लेखित शर्तहरु तीन वर्ष भित्रमा पूरा गर्नु पर्नेछ ।

(ख) "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालय र "समिति" भन्नाले उच्च प्राबिधिक शिक्षा प्रबर्द्धन तथा अनुगमन समिति सम्झनु पर्नेछ ।

(ग) "सम्बन्धित काउन्सिल" भन्नाले नेपाल सरकारबाट गठित काउन्सिल जस्तै नेपाल मेडिकल काउन्सिल, नेपाल इन्जिनियरिङ्ग काउन्सिल, नेपाल नर्सिङ्ग काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल आयुर्वेदिक काउन्सिल, नेपाल फार्मेसी काउन्सिल आदिलाई जनाउने संझनु पर्नेछ ।

(घ) "प्राविधिक महाविद्यालय" भन्नाले दफा ४(१) मा उल्लेखित विषयका महाविद्यालय जनाउनेछ ।

(ङ) "निःशुल्क उपचार" भन्नाले निःशुल्क शैयामा भर्ना भएका विरामीहरुलाई अस्पतालको तर्फबाट अस्पताल फर्मुलरीमा भएको औषधिहरु अस्पताल फार्मेसीमा उपलब्ध भए जति उपचारको सिलसिलामा गरिने शल्य चिकित्सा, रोग निदानका लागि गरिने सवै प्रयोगशाला परीक्षण तथा विरामीको खाना सुविधासमेतलाई सम्झनु पर्नेछ ।

(च) "विश्वविद्यालय" भन्नाले सम्वन्धन दिने विश्वविद्यालय सम्झनु पर्नेछ ।

(छ) कुनै पनि प्राविधिक विषयको महाविद्यालयको स्थापनाका लागि कार्यविधि र मनसाय पत्रका थप सर्तहरु समितिको सिफारिशमा मन्त्रालयले निर्धारण गर्न सक्नेछ ।